महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू/अध्यक्षज्यू,
नगर/गाउँ कार्यपालिकाको कार्यालय,

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको सन्देश

टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चिततताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय

पत्र संख्याः

मितिः २०७५।१२।५

श्री प्रमुखज्यू,
सुन्दरबजार नगरपालिका,
लमजुङ्ग ।

विषयः **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट सुन्दरबजार नगरपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

लेखापरीक्षकको जिम्मेवारी - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलव्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.६३ लाख ७ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.४५हजार, नियमित गर्नुपर्ने रु.१० लाख ७ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.८५हजार र पेश्की रु.५१ लाख ७० हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।९।८ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिकृया सहितको प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको लेखापरीक्षण प्रतिवेदन पाना १२ यसैसाथ संलग्न छ ।

कैफियत सहितको लेखापरीक्षण राय - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

सुन्दरबजार नगरपालिका
लेखापरीक्षण प्रतिवेदन
२०७४।७५

परिचयः स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने सुन्दरबजार नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो । यो नगरपालिका अर्न्तगत ११ वडा, ५८(२ रिक्त) सभा सदस्य, ७२.०३ व.की.मी.क्षेत्रफल, २६,८६४ जनसंख्या र गण्डकी प्रदेशमा अवस्थित छ ।

स्थानीय संचित कोष- आर्थिक वर्ष २०७४।७५ को स्थानीय संचित कोष आय-व्यय हिसावको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ :

	आयतर्फ			सि.नं.	व्ययतर्फ		
सि.नं.	विवरण	रकम	रकम		विवरण	रकम	रकम
१	गत वर्षको जिम्मेवारी			१	चालु खर्च		२८००३०६१२.६५
	क) नगद			२	पूँजीगत खर्च		८०१९७८००.८२
	ख) बैंक		१६१८७९९७.१२	३	वित्तीय व्यवस्था भुक्तानी		
२	राजस्व (आन्तरिक आय)				क) ऋण भुक्तानी		
	क) आन्तरिक राजस्व		६७२७९७४.११		ख) ब्याज भुक्तानी		
	ख) राजस्व बाँडफाँड				ग) अन्य भुक्तानी		
	ग) अन्य आय			४	लगानी		
३	वित्तीय हस्तान्तरण				ऋण लगानी		
	क)वित्तीय समानीकरण अनुदान		१५८९४६०००.००		शेयर लगानी		
	ख) सशर्त अनुदान		१७५७६७०५४.९०		अन्य लगानी		
	ग) समपूरक अनुदान			५	धरौटी फिर्ता		०.००
	घ) विशेष अनुदान						
	ङ) सा.सु. निकासा		५८८९९०००.००	६	कोष खर्च		
	च) स्था.शा.सा.वि.का. अनुदान		१८०९०००.००				
	छ) गरिवसंग विशेश्वर का.		४२९०००.००				
४	प्रदेश सरकारबाट प्राप्त अनुदान			७	मौज्दात (धरौटी र कल्याणकारी कोष समेत)		
	क)वित्तीय समानीकरण अनुदान				क) नगद मौज्दात		४४११.००
	ख) सशर्त अनुदान				ख) बैंक मौज्दात		६१११६४३९.०७
	ग) समपूरक अनुदान						
	घ) विशेष अनुदान						
५	अन्तर स्थानीय तहबाट प्राप्त		४७५२०.००				
६	वित्तीय व्यवस्था प्राप्ति						
	क) ऋण प्राप्ति						
	ख) साँवा प्राप्ति						
	ग) ब्याज प्राप्ति						
	घ) अन्य प्राप्ति						
६	विभिन्न कोषतर्फको आय						
	कर्मचारी कल्याण कोष अ ल्या.		२८१४४८.००				
८	जनसहभागिता (नगद)						
९	विषयगत निकायबाट प्राप्त						
१०	धरौटी आय(अ.ल्या)		५२७५५१.००				
११	लगानीको साँवा फिर्ता						
१२	अन्य विविध आय		७५००००.००				
१३	नसाटिएको चेक रकम		९४१९९८.४८				
१४	सोत निस्चित नभएको आय (पेश्की फ.आदी को वैक जम्मा भएको भौचर प्राप्त भै नसकेको		३४७१९.९३				
	जम्मा		४२१३४९२६३.५४		जम्मा		४२१३४९२६३.५४

दफा	लेखापरीक्षणवाट देखिएको व्यहोरा	रकम
१.	**वजेट पेश गर्ने तथा पारित गर्ने**: स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय , चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै पारीत गर्नुपर्ने व्यवस्था छ । नगरसभाको मिति २०७४।३।३०को बैठकले आगामी वर्षको अनुमानित आय-व्यय विवरण सहित योजना तथा कार्यक्रमहरुलाई १२ समूहमा विभाजन गरी बजेट स्वीकृत गरे तापनि योजनागत रुपमा बजेट बाँडफाँड गरेको पाइएन । नगर कार्यपालिकाले उक्त बजेटलाई योजनागत रुपमा २०७४।९।८ र सो पछिका मितिहरुमा पटक पटक विभाजन गरी कार्यान्वयन गरेको पाइयो । नगरसभाले समयमा कार्यक्रम सुचारु गर्न अनुकुल हुनेगरी बजेट स्वीकृत गर्नुपर्दछ ।	
२.	**खर्च गर्ने अख्तियारी र कार्यविधिः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकिय अधिकृतले १५ दिन भित्र वडा सचिवलाई कार्यक्रम र वजेट सहित प्रचलित कानून वमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । वडा कार्यालयहरुमा जनशक्ति तथा भौतिक पूर्वाधारहरुको व्यवस्था भै नसकेको कारण वडा सचिवहरुलाई अख्तियारी प्रदान गर्न सकेको देखिएन । अन्तरनिकाय समन्वय गरी कानूनी व्यवस्थाको कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
३.	**आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी , नियमितता र दक्षतापुर्ण ढंगावाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । यस सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् : ● नगरपालिकाले बर्षभरिमा सम्पादन गर्ने गरी कार्यक्रममा रहेका र आइपर्ने सम्भाबित जोखिमहरु पहिचान गरी जोखिमहरुको रजिष्टर खडा गरी राख्नुपर्नेमा जोखिम पहिचान गरी समाधानको कार्य योजना तयार गरेको देखिएन । ● नगरपालिकाले योजनागत/कार्यक्रमगत खर्च खाता राखेको छैन । जसले गर्दा योजनागत तथा कार्यक्रमगत खर्चको स्थिति सुनिश्चित गर्ने आधार देखिदैन । स्वीकृत कार्यक्रम वेगर खर्च भए नभएको सम्बन्धमा अध्ययन र तुलना गर्न सक्ने स्थिति रहेन । ● आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५० मा कार्यालय प्रमुखले एक वर्षमा कम्तीमा एक पटक जिन्सी निरीक्षण गरी वा गर्न लगाई त्यसको प्रतिवेदन लिखित रूपमा लिई राख्ने र कैफियत देखिएका विषयको कार्यान्वयन गर्ने व्यवस्था रहेकोमा जिन्सी निरीक्षण गराई जिन्सी निरीक्षण फाराम भरेको भए तापनि निरीक्षणकर्ताले लिखित प्रतिवेदन दिएको पाइएन । नियम बमोजिम जिन्सी निरीक्षण प्रतिवेदन प्राप्त गरी उचित व्यवस्थापन गर्नु पर्दछ । ● सार्वजनिक खरिद ऐन, २०६३ को दफा (५), (६) एवं सार्वजनिक खरिद नियमावली, २०६४ को नियम (३), (८) बमोजिम खरिद कारवाहीको तयारी, खरिद कार्य योजना, खरिदको प्रकार, बिधि, समय तालिका, खरिदको आर्थिक श्रोत, लागत अनुमान र खरिद आवश्यकताको पहिचान गरी खरिदको कुल बिबरण, परिमाण र क्षेत्रको यकिन गरी बार्षिक खरिद योजना र लागत अनुमान तयार गर्नुपर्नेमा कानूनी व्यवस्था बमोजिम खरिद योजना तयार गरेको देखिएन । नियमको पालना हुनु पर्दछ । ● साना तथा ठुला सबै निर्माण कार्यको नापी किताव कम्प्यूटरबाट तयार गरिएको लुजशिटमा भरी भुक्तानीको लेखासाथ राख्ने गरेको छ । कतिपय निर्माण कार्यलाई थप निरन्तरता दिन वा अन्य कारणले पछिपनि पुनरावलोकन गर्न पर्ने भएकोले आवश्यक परेको समयमा उपलब्ध हुन सक्ने गरी संस्थागत स्मृतिको लागि डिजिटाइज गरी वा अन्य तवरले सुरक्षित राख्न आवश्यक देखिन्छ । ● अधिकांश सडक तथा कुलो/नहर निर्माण तथा मर्मतमा सो स्थानको चेनेज नं.उल्लेख गर्ने नगरेबाट निर्माणस्थलको अनुगमन निरीक्षणमा द्विविधा हुने भएकोले जुनसुकै समयमा पनि निर्माणस्थलको पहिचान हुने गरी चेनेज लगायतका संकेतहरुलाई अनिवार्य गर्नुपर्दछ ।	

दफा	लेखापरीक्षणवाट देखिएको व्यहोरा	रकम
	• स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ६२ मा जुनसुकै निर्माणकार्य, मालसामान, परामर्श सेवा वा अन्य सेवा खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले लागत अनुमान वेगर खरिद कार्य गरेको देखिन्छ । • भ्रमण खर्च नियमावली, २०६४ बमोजिम भ्रमणको अभिलेख राख्नुपर्ने र भ्रमण प्रतिवेदन लिनुपर्ने व्यवस्थाको पालना गरेको देखिएन । अनुगमनमा जाने पदाधिकारी तथा कर्मचारीबाट अनुगमन प्रतिवेदन लिई समीक्षा गर्ने गरेको देखिएन । अभिलेखहरु व्यवस्थित गरी प्रतिवेदनहरुको समिक्षा हुनु पर्दछ । • स्थानीय सरकार सञ्चालन नियमावली, २०७४मानगर कार्यपालिका र नगरसभाले नगरपालिकाको नीति, बजेट र कार्यक्रम तर्जुमा तथा स्वीकृत गरेपछि प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिनुपर्ने व्यवस्था गरेको छ । आर्थिक कार्यविधि ऐन, २०५५ तथा नियमावली, २०६४ ले कार्यालय प्रमुखलाई सम्पूर्ण आर्थिक कारोवारप्रति जिम्मेवार र जवाफदेही बनाएको छ । सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ ले मालसामान तथा सेवा खरिद तथा निर्माण कार्यको लागि निश्चित कार्यविधिहरु अवलम्वन गर्नु पर्ने व्यवस्था गरेको छ । उल्लिखित व्यवस्थाको बावजुत नगरपालिकाका सदस्यहरु आफैले कार्यालयको मालसामान खरिद गरी सोधभर्ना लिने, उपभोक्ता समिति गठन नगरी कार्यक्रमहरु सञ्चालन गर्ने, लागत अनुमान तथा प्राविधिक मुल्याङ्कन नगराई बाटो मर्मतको रकम सोधभर्ना लिने गरेको पाइयो । यसले गर्दा आन्तरिक नियन्त्रण प्रणाली कमजोर भएको र पारदर्शीता तथा जवाफदेहीताको अवस्थामा द्विविधा उत्पन्न गरेको पाइयो । आर्थिक कार्यविधि सम्वन्धी स्पष्ट कानून नबनाई पदाधिकारीहरुलाई नगरपालिकाको आर्थिक क्रियाकलापमा सम्लग्न गराउन मिल्ने देखिंदैन ।	
४.	**वजेट तथा कार्यक्रम तर्जुमाः** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको निती तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । नगरपालिकाले ससर्त तथा निशर्त अनुदान र आन्तरिक आय प्रक्षेपणको आधारमा बजेट तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरेको भए तापनि संघीय सरकारका विषयगत निकायहरुबाट सञ्चालन हुने कार्यक्रमहरुलाई नगर विकास योजनामा समावेश गरेको पाइएन । यसले नगरपालिका र विषयगत निकायहरुले गर्ने क्रियाकलापहरुमा दोहोरोपन आउनसक्ने स्थिति रहेको देखिन्छ । उदाहरणको लागि स्वास्थ्य संस्थाका लागि औषधी खरिद, कृषकहरुलाई माहुरी घार वितरण, जस्ता क्रियाकलापहरु नगरपालिका र विषयगत कार्यालयहरु दुवैबाट भएको देखिन्छ । यस्ता क्रियाकलापहरु समन्यात्मक रुपमा कार्यान्वयन र अनुगमन नहुँदा साधन स्रोतको दोहोरो प्रयोग हुने तथा अपेक्षित प्रतिफल प्राप्त नहुने भएकोले नगरपालिकाले थप ध्यान दिनुपर्ने देखिन्छ ।	
५.	**स्थानीय तथ्याङ्क र अभिलेखः** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम नगरपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालीकाले स्थानीय तथ्यांक सम्वन्धी निती , कानून र सोको मापदण्ड बनाएको छैन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यस तर्फ नगरपालीकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ ।	
६.	**लक्ष्य प्रगतिको स्थिति -**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरिय तथा केन्द्रिय स्तरिय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण दिएको देखिएन ।प्रगति प्रतिवेदनको अभावमा लक्ष्य र प्रगतिको अवस्था तुलना गर्न नसकिने भएकोले नियम बमोजिमको प्रगति प्रतिवेदन तर्जुमा गरी बजेट, खर्च र उपलब्धीको समीक्षा गर्नु पर्दछ ।	

दफा	लेखापरीक्षणवाट देखिएको व्यहोरा	रकम
७.	**बैंक हिसाब -** कार्यालयको खाता हिसाव र वैंक हिसाव एक आपसमा भिडान गर्नुपर्ने व्यवस्था छ । कार्यालयको यसवर्षको आम्दानी रु.४५८११५४६१।२६। र खर्च रु.३६०२२८४१३।४७ बैंक मौज्दात रु.६१११६४१९।०७., नगद मौज्दात रु.४४११।०० कर दाखिला बाँकी रु.२७७३६ रहेको छ । नगद मौज्दात र कर दाखिला गर्न बाँकी रकम सम्वन्धित खातामा दाखिला गरी हिसाव मिलान गर्नुपर्दछ ।	
८.	**चौमासिक खर्च:**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजि स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्याक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार प्रथम चौमासिकमा १८ प्रतिशत, दोश्रो चौमासिकमा १३.७७ प्रतिशत र तेश्रो चौमासिकमा ५०.९० प्रतिशत खर्च गरेको देखिएको छ । यसरीनै आषाढ महिनामा ३४.४१ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप वढेको देखिएकोले सनतुलित खर्च व्यवस्थापन भएको देखिएन ।	

९. **कर्मचारी व्यवस्था :**निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपुर्ति र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकामा रहने कर्मचारी दरवन्दी ६६ रहेपनि पदपूर्ति १२ मात्र रहेको देखियो । २ अधिकृत सहित ४२ पद रिक्त रहेकोमा २ जना करारमा राखि कार्य संचालन गरिएको छ । नगर कार्यपालिका तथा वडाहरुमा दरवन्दी बमोजिमको आवश्यक कर्मचारी पदपूर्ति नहुँदा एकै कर्मचारीलाई एकभन्दा बढी कामको र श्रेणी विहिन कर्मचारीलाईसमेत माथिल्लो तहवाट गर्नुपर्ने कामको जिम्मेवारी दिन परेको पाइयो । यसबाट नगरपालिकाले दिने सेवा प्रवाह प्रभावित हुने भएकोले आवश्यक कर्मचारीहरुको व्यवस्थाको लागि सम्वन्धित निकायको ध्यान जानुपर्ने

क्र.सं.	विवरण	इकाई	स्वीकृत दरवन्दी	पदपुर्ती		रिक्त
				स्थायी	करार	
१.	नगर कार्यपालिका	संख्या	३३	१३	२	१८
२.	वडा कार्यालय	संख्या	३३	११	०	२२
	जम्मा		६६	२४	२	४०

देखिन्छ ।

१०. **योजना छनौट र कार्यान्वयन:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा आर्थिक विकास र गरिवी निवारणमा योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने, स्थानीय वासिन्दाहरुको सहभागिता जुट्नसक्ने, स्थानीय स्रोत, साधन र सीपको अधिकतम प्रयोग हुनेलगायतको आधारमाप्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना वनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । यो वर्ष नगरपालिकाले कार्यान्वयन गरेको योजना/कार्यक्रमहरुको विवरण निम्नानुसार छ:

वडा नं.	रु.१ लाख घटी	रु.१ लाख	रु.१ लाखभन्दा बढी देखि ५ लाखसम्म	रु.५ लाखभन्दा बढी देखि १० लाखसम्म	रु.१० लाख बढीका	जम्मा
१	६	१३	१६	२	०	३७
२	१५	८	१९	१	०	४३
३	२०	१०	२०	१	०	५१
४	८	४	१४	१	०	२७
५	६	६	१०	४	१	२७
६	४	८	१९	१	१	३३

दफा	लेखापरीक्षणवाट देखिएको व्यहोरा	रकम

७	२०	१३	९	२	१	४५
८	४	४	१४	१	०	२३
९	१	९	१६	१	०	२७
१०	२	१२	१९	१	०	३४
११	७	९	११	२	०	२९
जम्मा	९३	९६	१६७	१७	३	३७६

नगरपालिकाले यो वर्षको उल्लिखित आधार एवं प्रकृया अवलम्वन नगरी ११ वडाहरुको लागि ३७६ योजना छनौट गरेको छ । धेरै संख्यामा योजना छनौट गर्दा बजेट स-साना टुक्रामा खण्डिकरण भै लगानीको प्रतिफल नदेखिने, प्राविधिक रेखदेख न्यून भै गुणस्तरीय काम हुन नसक्ने र प्रशासकीय कार्यबोझ बृद्धि हुने भएकोले प्राथमिकता सम्वन्धी मापदण्ड र प्राविधिक तथा प्रशासकीय क्षमता बमोजिमको योजना छनौट हुनु पर्दछ ।

दफा	लेखापरीक्षणवाट देखिएको व्यहोरा	रकम
११.	**योजना संशोधन:**स्थानीय सरकार सञ्चालन ऐन, २०७४मा वस्तीस्तर/वडास्तरबाट माग भै आएका योजना तथा कार्यक्रमहरु प्राथमिकिकरण गरी नगर कार्यपालिकाले अनुमोदन गरी नगरसभामा पेश गर्नुपर्ने र नगरसभाले पारित गरेपछि कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । नगर कार्यपालिकाले नगरसभाबाट अधिकार प्रत्यायोजन बमोजिम एक पटक योजनागत बाँडफाँड गरिसकेपछि पनि पटक पटक कार्यक्रमहरु संशोधन गरेको पाइयो । वर्षान्तमा नगरसभाले नगर कार्यपालिकाका सवै निर्णयलाई अनुमोदन गरे तापनि पटक पटक कार्यक्रमहरु थप घट गर्दा बजेट अनुसाशन कायम नहुने भएकोले नगरसभाले पारित गरेको कार्यक्रम आधार र औचित्य पुष्टी नगरी संशोधन गर्ने कार्यलाई न्यूनिकरण गर्नुपर्दछ ।	
१२.	**सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७,९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा नगरपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ ।	
१३.	**बरबुझारथ :** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस नगरपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले नगरपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।	
१४.	**स्रोत नक्सांकन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक गाउँपालिका र नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा नगरपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन ।	
१५.	**उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । यो वर्ष सञ्चालिन सडक विस्तार तथा स्तरोन्नती कार्यमा डोजर,	

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणवाट देखिएको व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>एक्साभेटर जस्ता भारी उपकरणहरुको अत्यधिक प्रयोग भएको पाइयो । उपभोक्ता समितिले निर्माण व्यवसायीहरुसंग सोझै भाडा संझौता गरी डोजर/एक्साभेटर प्रयोग गरेबाट स्थानीय साधन/श्रमको उपयोग हुन नसकेको, वातावरण विनास भएको र अप्रत्यक्ष रुपमा निर्माण व्यवसायीलाई ठेक्का हस्तान्तरण हुन गएको देखिन्छ । अतः उपभोक्ता समितिको क्षमताभित्रका कार्यमात्र सो समितिबाट गराई भारी उपकरण प्रयोग हुने र जटिल प्रकृतिका कार्यहरु सार्वजनिक खरिद ऐन तथा नियमावलीको व्यवस्था बमोजिम प्रतिस्पर्धा गराई गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>१६.</td><td>कल्याण कोष :स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपादान, औषधिउपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । व्यवस्था स्थानीय तहले कार्यालयलाई कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । नगर कार्यपालिकाको निर्णयानुसार यो आर्थिक वर्षमा एकमुष्ठ रु.४,००,०००।- आन्तरिक स्रोत खातावाट कर्मचारी कल्याण कोष खातामा ट्रान्सफर गरे तापनि कर्मचारी कल्याण कोष खातामा आम्दानी जनाएको देखिएन ।</td><td></td></tr>
<tr><td>१७.</td><td>सामुदायिक भवनः नगर कार्यपालिका २०७४।९।९ निर्णयले जग्गा स्वामीत्वमा भएका आमा समुह, क्लव, महिला सञ्जाल, गुठी लगायतका भवन निर्माण गर्न अनुदान उपलब्ध गराउने नीति पारित गरेकामा पछि २०७४।११।१८ गते भवन निर्माणमा बजेट परेकोले कार्यान्वयन गर्न कठिनाई परेको व्यहोरा उल्लेख गरी लालपुर्जा पेश गर्न नसकेमा सर्त कागज गरी निर्माण गर्न दिने निर्णय गरेको छ । यो वर्ष यस प्रकारको ७५ सामुदायिक भवन निर्माणको लागि रु.५० हजार देखि रु.५ लाखसम्मको दरले अनुदान उपलब्ध गराएकोमा सीमित संस्था वाहेकले जग्गाको स्वामीत्व प्राप्त गरेको प्रमाण पेश गरेको छैन । सामुदायिक भवन निर्माणको लागि सम्वन्धित संस्थाको स्वामित्वमा जग्गा रहे नरहेको सुनिश्चित नगरी अनुदान उपलब्ध गराउदा सार्वजनिक जमिन, बनक्षेत्र तथा सरकारी जमिन अतिक्रमण हुने र भविष्यमा स्वामित्व सम्वन्धी विवाद समेत आउन सक्ने भएकोले नगरपालिकाले ध्यान दिनुपर्ने दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१८.</td><td>आन्तरिक आयः नगरसभाले यो वार्ष प्रक्षेपण गरेको र यथार्थ असुलीको अवस्था निम्नानुसार छ ।
<table>
<tr><th>सि.नं.</th><th>शीर्षक</th><th>लक्ष्य रु.</th><th>असुली रु.</th><th>प्रतिशत</th></tr>
<tr><td>१</td><td>एकिकृत सम्पत्ति कर</td><td>३५०००००</td><td>३२८१२८१</td><td>९३.७५</td></tr>
<tr><td>२</td><td>नक्सा पास</td><td>१००००००</td><td>११३५२००</td><td>११३.५</td></tr>
<tr><td>३</td><td>सिफारिश दस्तुर</td><td>१००००००</td><td>१७७६०६८</td><td>१७७.६</td></tr>
<tr><td>४</td><td>व्यवसाय रजिष्ट्रसन दस्तुर</td><td>३५००००</td><td>३५६२५</td><td>१०.१८</td></tr>
<tr><td>५</td><td>परीक्ष शुल्क</td><td>२५०००</td><td>३३५५०</td><td>१३४.२</td></tr>
<tr><td>६</td><td>अन्य प्रशासनीक सेवा सुल्क</td><td>४१००००</td><td>५४१५५</td><td>१३.२१</td></tr>
<tr><td>७</td><td>व्यक्तिगत घटना दर्ता</td><td>१५००००</td><td>६५०२०</td><td>४३.३५</td></tr>
<tr><td>८</td><td>घर वहाल कर</td><td>१०००००</td><td>१०८९९८</td><td>१०९</td></tr>
<tr><td>९</td><td>अन्य कर तथा शुल्क</td><td>६२५०००</td><td>२१७०७६</td><td>३४.७३</td></tr>
<tr><td></td><td>जम्मा</td><td>७१६००००</td><td>६७०६९७३</td><td>९३.६७</td></tr>
</table>
नगरपालिकाले प्रक्षेपणको तुलनामा ९३.६७ प्रतिशतमात्र आम्दानी प्राप्त गरेको स्थिति छ । उल्लिखित आय सम्वन्धमा देखिएका थप व्यहोरा निम्नानुसार छन्</td><td></td></tr>
<tr><td>१८.१.</td><td>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा नगरपालीकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले व्यवसायीहरुको लगत राखी कर संकलन गरेको पाईएन । नगरपालिका क्षेत्र भित्रका व्यावसायलाई व्यवसायीको अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।</td><td></td></tr>
</table>

दफा	लेखापरीक्षणवाट देखिएको व्यहोरा	रकम
१८.२.	स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा नगरपालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ । नगरपालिकाले सवारीहरुको दर्ता एवं नविकरणबाट आय प्राप्त भएको देखिएन । नगरपालिकाले यातायात व्यवस्था कार्यालयसंग समन्वय गरी सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउनु पर्दछ ।	
१८.३.	नगरपालिकाले आन्तरिक स्रोततर्फको कर्मचारीहरुको तलव भत्तामा रु.९७५१६०। पदाधिकारीहरुको सुविधामा रु.७२,३७,९००।- बैठक भत्तामा रु.१०,०६,८००।- र उपभोग तथा कार्यालय सञ्चालनमा रु.११६००००। समेत कुल रु.१०३७९८६०। प्रशासनीक खर्च गरेको छ । उक्त खर्च आन्तरिक आम्दानीको तुलनामा १.५५गुणा बढी देखिन्छ । नगरपालिकाले प्रशासनीक खर्चलाई मितव्ययी बनाउने र आयका स्रोतहरु विस्तर गरी आय र व्यय बीच सन्तुलन गर्न आवश्यक देखिन्छ ।	
१९.	**सामाजिक सुरक्षाः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७२ को परिच्छेद-६ दफा १८ (क) मा केन्द्रिय पञ्जिकरण विभागले भत्ता पाउने लाभग्राहीको सम्पूर्ण विवरण व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टी गराउने र दफा १८(ग) मा उक्त पद्धति लागू भएपछि सबै विवरण सो प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय तहको हुने व्यवस्था गरेको छ । केन्द्रिय पञ्जिकरण विभागले व्यवस्था गरेअनुरुप नगरपालिकाले लाभग्राहीको विवरण व्यवस्थापन सुचना प्रणालीमा अद्यावधिक गरी बैङ्क मार्फत भत्ता वितरण गर्नु पर्नेमा न.पा.को कुल ११ वडा मध्ये ३,४,१० र ११मा सो अनुसार गरेको देखिएन । यस सम्वन्धमा आ.व.२०७५।०७६देखि उल्लेखित वाकी वडामा समेत बैंक मार्फत भत्ता वितरण कार्य सुरु भई सकेको कार्यालयको भनाई रहेको छ । जिल्ला समन्वय समितिले तयार गरेको गत आ.व. २०७३/७४ को लगतको आधारमा नगरपालिकाले आ.व. २०७४/७५ मा सामाजिक सुरक्षा भत्ता वितरण गरेको देखियो । गाउँपालिका सँग आफ्नो अद्यावधिक लगत किताब नभएको तथा व्यवस्थापन सुचना प्रणालीमा विवरण प्रविष्टी गरी लगत अद्यावधिक नगरेको अवस्थामा वितरण गरेको सामाजिक सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीले प्राप्त गरे भन्ने सम्बन्धमा आश्वस्त हुन नसकिने हुँदा गाउँपालिकाले सम्पूर्ण लाभग्राहीको लगत विवरण व्यवस्थापन सुचना प्रणालीमा प्रविष्ट गरी बैङ्क मार्फत मात्र भत्ता वितरण गर्नुपर्दछ ।	
२०.	**विद्युतिय लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवारको लेखा राख्नु पर्ने तथा महालेखा नियन्त्रकको कार्यलयले निशुल्क रुपमा उपलव्ध गराई सवै नगरपालिकाहरुले Sub National Tresury Regulatory Application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले उल्लिखित विद्युतीय प्रणालीमा लेखा राखेको भए तापनि नगरपालिकाको सम्पूर्ण स्रोतको आय व्यय विवरण उक्त प्रणालीमा प्रविष्ठ नभएकोले सम्पुर्ण खर्च शीर्षक खुल्ने खर्चको फाँटवारी तथा एकिकृत आर्थिक विवरण प्रतिवेदन चित्रण नगरेकोले कार्यालयले म्यानुअल प्रतिवेदन तयार गरेको देखिन्छ । विद्युतीय लेखा Sub National Tresury Regulatory Application (SUTRA) बाट सम्पुर्ण विवरण तथा प्रतिवेदन तयार नभएकोले बजेटसंग शीर्षकगत खर्चको स्थिति तुलना गर्न सकिएन ।SUTRA बाट सबै विवरण तथा प्रतिवेदने आउने गरी लेखा राखुपर्ने देखिन्छ ।	
२१.	**सार्वजनिक परिक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी ,दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अर्न्तगत सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यो वर्ष सञ्चालित कार्यक्रमको सामजिक परीक्षण र सार्वजनिक सुनुवाई गरेको पाइएन । नगरपालिकाबाट सञ्चालित कार्यक्रमलाई बढी पारदर्शी बनाउन सामजिक परीक्षण र सार्वजनिक सुनुवाईलाई अनिवार्य गरिनु पर्दछ ।	

दफा	लेखापरीक्षणवाट देखिएको व्यहोरा	रकम
२२.	**बैठक भत्ता:** गण्डकी प्रदेश सरकारले मिति २०७५।१।२४को प्रदेश राजपत्रमा प्रकाशन गरेको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७४ मा नगरपालिकाका पदाधिकारीहरुले २०७४ श्रावण देखि नै पाउने गरी मासिक सुविधाको सीमा तोकेको छ, तर बैठक भत्ताको व्यवस्था गरेको छैन । साविकमा नगरपालिकाका पदाधिकारीहरुलाई बैठक भत्ता उपलब्ध गराउदै आएकोमा उक्त राजपत्रको आधारमा २०७४ श्रावण देखि २०७५ आषाढसम्मको पारिश्रमिक रु.७२,३७,९००।-भुक्तानी गरेको छ । सुविधा भुक्तानी गर्दा राजपत्रमा सूचना प्रकाशन हुनु पूर्वको बैठक भत्ता रु.७,०९,८००।- कट्टी गरेको देखिएन । पदाधिकारीहरुलाई मासिक सुविधा उपलब्ध गराइसकेपछि पनि बैठक भत्ता भुक्तानीलाई निरन्तरता दिई बैठक भत्तामा यो वर्ष रु.१०,०६,८००।- खर्च गरेको छ। कानूनले व्यवस्था नगरेको बैठक भत्ता भुक्तानी गर्न मिल्ने नदेखिएको रु. साथै उल्लेखित रकम मध्ये श्री कृष्ण प्रसाद अधिकारी मिति २०७४।९।२६, २०७४।८।१५ ,२०७४।७।१७, र डम्वर बहादुर गुरुङ्ग २०७४।१०।२को बैठकमा अनुपस्थित रहनु भएकोले निजको नाममा खर्च लेखेको बैठक भत्ता रु ३४००।०० (कर कट्टा गरी बाँकी रकम)) अशुल उपर गर्नुपर्ने पर्दछ।	१००६८००/-
२३.	**पदाधिकारीको थप सुविधा:**गण्डकी प्रदेश सरकारले मिति २०७५।१।२४को प्रदेश राजपत्रमा प्रकाशन गरेको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७४ मा नगरपालिकाका पदाधिकारीहरुले २०७४ श्रावण देखि नै पाउने गरी मासिक सुविधाको सीमा तोकेको छ, तर आवास तथा कार्यालय सहयोगी सम्वन्धी व्यवस्था गरेको छैन । नगर कार्यपालिकाको मिति २०७४।३।२८ को बैठकले नगर प्रमुख तथा उप-प्रमुखको लागि मासिक रु.१५,०००।- दरले घरभाडा र कार्यालय सहयोगी एक एक जना मासिक रु.१०,०००।- दरले थप सुविधा दिने निर्णय गरेको छ । सो अनुरुप यो वर्ष नगर प्रमुख तथा उपप्रमुखको घर भाडा भुक्तानीमा रु.३,६०,०००।- र कार्यालय सहयोगी भर्ना गरी रु.८०,०००।- खर्च भएको छ । कानूनमा नभएको सुविधा दिन मिल्ने देखिएन ।	
२४.	**विशेष भत्ता -** नेपाल सरकारबाट स्थानीय निकायमा खटिएकाका निजामती कर्मचारी, मन्त्रालयले स्वीकृत गरेको प्रशासन अनुदानका कर्मचारीको तलव, भत्ता, दैनिक भ्रमण भत्ता र कार्यालय सञ्चालन खर्च, क्षमता विकास खर्च, सामजिक परिचलान खर्च पाउने व्यवस्था छ । नगर कार्यपालिकाबाट निर्णय भएको आधारमा केन्द्रिय चालु अनुदानबाट बिभिन्न कर्मचारीलाई प्रोत्हासन भत्ता बापत मासिक तलब स्केलको १० प्रतिशतका दरले १९ जना कर्मचारीको रु.५,२२,९१०।- खर्च लेखेको छ । आन्तरिक आयको स्रोत स्पष्ट आधार एवं कार्यविधि विना तथा नियमावलीमा स्पष्ट उल्लेख गरेभन्दा फरक कार्यमा खर्च लेख्न मिल्ने देखिदैन ।	
२५.	**प्रतिस्पर्धात्मक खरिद:** सार्वजनिक खरीद ऐन,२०६३ को दफा ८(२) मा खरीद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा खरीद गर्न नमिल्ले साथै नियम ८४ मा रू.५ लाखदेखि २० लाख लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्र द्वारा खरीद गर्नुपर्ने व्यवस्था छ । नियमानुसार एकमुष्ठ खरीद योजना बनाई सिलबन्दी दरभाउ पत्र, बोलपत्रको माध्यमबाट खरीद गर्नुपर्नेमा नगरपालिकाले अन्तर्गतका १५ विद्यालयलाई विद्युतिय हाजिरी, इन्टरनेट जडान तथा उपकरण खरिदमा प्रति विद्यालय रु.२,००,०००।- का दरले रू.३०,००,०००।- निकासा गरेको पाइयो । एकै प्रकृतिको सामानलाई वोलपत्र एवं सिलवन्दी दरभाउपत्रवाट खरिद गर्दा प्रतिस्पधा भै खरिद कार्य मितव्ययी हुनेमा नगरपालिकाले ध्यसतर्फ ध्यान पुऱ्याएको देखिएन ।	
२६.	**राजस्व दाखिला :** यस सुन्दरबजार नगरपालिका स्वास्थ्य शाखाले सशर्त अनुदान अन्तर्गतको आमा सुरक्षा कार्यक्रमको लागि निम्न स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकी र अस्पताललाई निम्नानुसार रकम दिएकोमा कार्यक्रम संचालन पश्चात बाँकी रकम संघीय राजस्व खातामा दाखिला गरेको नपाईएकोले बाँकी रकम	

दफा	लेखापरीक्षणवाट देखिएको व्यहोरा	रकम
	रु.२३,०००।०० राजस्व दाखिला गरी प्रमाण पेश हुनुपर्ने रु...	१३,०००।-

भौ।मिति	कार्यालय	ठेगाना	कार्यक्रमको लागि दिइएको रकम	कार्यक्रम संचालन गरी बाँकी रकम
३३।२०७४।१०।२४	चन्द्रेश्वर प्राथमिक स्वा.के.	सु.न.पा.-३	१५,०००।००	१०,६००।००
	सुन्दरबजार अस्पताल	सु.न.पा.-६	६०,०००।००	२,४००।००
	जम्मा			१३,०००।००

दफा	लेखापरीक्षणवाट देखिएको व्यहोरा	रकम
२७.	**विजक:** मुल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम १७(२)मा प्रापकलाई दिइने बीजकको मुख पृष्ठमा देखिने गरी प्रष्टसंग कर बीजक लेखिएको हुनुपर्ने उल्लेख छ । दीपलाइट इनर्जी प्रा.लि(३०२३०२६३७) काठमाडौं को मिति २०७४।१२।२०को विलबाट ३५५ थान डष्टविन खरिद गरी रु.५,९५,४२०।- भुक्तानी गरेकोमा विलमा ‘कर विजक’ उल्लेख नगरी ‘विजक’मात्र उल्लेख गरेकोले पाइएकोले भुक्तानीमा समावेश भएको भूल्य अभिबृद्धि कर रु.७०,३६७- समायोजनको लागि विवरण पेश गरेको प्रमाण पेश हुनुपर्ने रु.	७०३६७/-
२८.	**चालु शीर्षकबाट पूँजिगत प्रकृतिको खर्च:** एकीकृत आर्थिक संकेत तथा बर्गीकरण र व्याख्या, २०७४ मा चालू र पूँजीगत शीर्षकमा हुने खर्चको वर्गिकरण र व्याख्या गरेको छ । नगरपालिकाले नगरसभाबाट चालू खर्चको लागि विनियोजित रकमबाट रु. ३० लाख पुँजिगत प्रकृतिको कार्यको लागि खर्च लेखेको पाइयो । उक्त खर्चबाट पूँजि निर्माण हुने भए तापनि चालू खर्चमा समावेश गर्दा खर्चको सही लेखाङ्कन नहुने र आगामी बजेट तर्जुमालाई पनि सही तथ्याङ्क नदिने भएकोले सम्वन्धित शीर्षकमा रकान्तर हुनु पर्दछ ।	
२९.	**खरिद दर :** भौ.३८१।२०७५।३।२७ सुन्दरबजार नगरपालिका वडा नं.११ लाई छुट्याइएको बजेट अन्तर्गत ३ विद्यालयलाई झोला वितरण कार्यको लागि १७० थान झोला नविन फेन्सी स्टोर्स, पोखरावाट खरिद गरेकोमा विना स्पेशिफिकेशन ६० थान झोला प्रति थान ७०० का दरले खरिद गरेको पाइयो भने सोही मितिमा अर्को विजकवाट ११० थान झोला प्रति थान ८०० का दरले भुक्तानी गरेको देखिन्छ । यसरी रु.७०० मा पर्ने झोल रु.८०० मा खरिद गरी प्रति झोला रु.१०० ले ११० थानको मु.अ.कर समेत रु.१२४३०।०० वढी व्ययभार पर्न गएको देखिएकोले असुल गरी राजस्व दाखिला हुनुपर्ने रु...	१२,४३०/-
३०.	**बढी भुक्तानी** :- आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा विल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले निम्न कार्यको रकम भुक्तानी गर्दा पेश भएको विल भन्दा बढि खर्च लेखेको छ । यसरी बढि खर्च लेखेको रकम सम्बन्धितबाट असुल उपर हुनुपर्ने रु	९४०१/-

गो.भौ.नंमिति	विवरण	भुक्तानी रकम रु	विल रकम	बढि भुक्तानी
330.075.2.25	सु.न.पा.११ लाई विनियोजित बजेटवाट कृषि आयआर्जन कार्यक्रम अन्तर्गत टनेल, पाइप, स्प्रेयर, मौरीघार अनुदान	300000.00	290559.00	9401.00

दफा	लेखापरीक्षणवाट देखिएको व्यहोरा	रकम
३१.	**राजश्व असुली एवं दाखिला :** आर्थिक कार्यबिधि ऐन २०५५ को परिच्छेद ४ दफा १२,१३ ले राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन वा सो को भोलिपल्ट बैक दाखिला गर्नुपर्ने ,प्राप्त आयको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने र सो नगरेमा जरिवाना तथा बिभागिय कारबाही समेतको व्यवस्था रहेको छ । नगरपालिकाले राजस्व आम्दानीको तथा दाखिलाका अभिलेख व्यवस्थित गरी राखेको छैन । यसवाट स्थानीय तहले देखाएको आन्तरिक आय (नगरपालिका र वडाहरुको समेत) रु ६७,२७,९७४।११ म.ले.प.फा.नं.१०८,२३ र १० नभएकोले बास्तबिक राजस्व असुली र दाखिला एकिन हुन सकिएन । सो को एकिन अंक खुलाई राजश्वको तेरिज वनाई प्रमाणित गरी अभिलेखीकरण गरेको पाईएन ।	

दफा	लेखापरीक्षणवाट देखिएको व्यहोरा	रकम

३२. गत वर्षको बाकी रकम : आर्थिक बर्ष २०७३।२०७४ को अन्तसम्म साविक वडाहरुको बाकी रहेको रकम हालसम्म नगरपालिकाको खातामा जिम्मेवारी नसारिएकोले उक्त रकम नगरपालिकाको खातामा सानुपर्ने रु.. — **रकम: १४८१५/-**

सि.नं.	वडाको नाम	वडा नं.	रकम रु	कैफियत
१	चन्द्रेश्वर	३	२९९०।००	
२	दुराडाडा	१०	५८२४।००	
३		४	३०००।००	
४	धुसेनी	११	५८२४।००	
जम्मा			१४८१५।००	

३३. **बढी भुक्तानी :** वाट वडा समितिको वैठक भत्ता बापत मासिक बढीमा तीनवटा बैठकको भत्ता बुझ्न पाउने व्यवस्था भएकोमा निम्न वडाहरुले निम्नानुसार बढी भुक्तानी लिएको पाइएकोले बढी भुक्तानी रकम असुल गरी दाखिला हुनुपर्ने रु.... — **रकम: ९९९०/-**

भौ.नं.	वडा नं	महिना	विवरण	भुक्तानी भएको रकम	हुनुपर्ने रकम	बढी रकम
२९६	८	जेठ	बैठक भत्ता	२१७२०	१६३२०	५४००
३५८	९	आषाढ	,,	१८३६०	१३७७०	४५९०

३४. **पेश्की बाँकी :-** निम्न भौचर र मितिबाट निम्न संस्थालाई गएको पेश्की आर्थिक बर्षको अन्त्य सम्म फछ्र्यौट नभएकोले आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम असुल फछ्र्यौट हुनुपर्ने रु.. — **रकम: ५१६९८४६/-**

सि.नं	पद	नाम र थर	कामको बिबरण	रकम रु	कैफियत
१	नगर प्रमुख	श्री जनक राज मिश्र	मसलन्द	१६५९३.००	चालु अनुदान
२	सवारी चालन	सुक बहादुर श्रेष्ठ	सवारी साधन मर्मत	१००००.००	चालु अनुदान
३	खरिदार	हरी प्रसाद कुमाल	नगर सभा	३०००००.००	चालु अनुदान
४		हिर्कुस एग्रो फर्म प्रा.लि.	अमिलो जातको फलफुल नर्सरी स्थापनाको सहयोग	२००००.००	कृषि
५	रेन्जर	असल श्रेष्ठ	नर्सरी बहुउद्देश्यीय बिरुवा उत्पादन	१७६४५३.००	बन
६	वडा सचिव	कृष्णराज सेढाई	सा.सु भत्ता	३५४६८००.००	सा.सु
७	सुचना प्रबिधि अधिकृत	अमृत आचार्य	नगर प्रोफाईल	१०००००.००	
८	वडा नं.४का वडा अध्यक्ष	कृष्णराज खनिया	टनेल निर्माण	३०००००.००	
९		सामुदायिक अस्पताल	भौतिक निर्माण तथा सुधार उपभोक्ता समिति	६५००००.००	
जम्मा				५१६९८४६.००	

३५. **न्याय सम्पादन -** नगरपालिकाले कानून बमोजिम न्यायिक समिति गठन गरेको भए तापनि सो सम्वन्धी कार्यविधि तयार गरेको देखिएन। समितिमा यो वर्ष ८ मुद्दा दर्ता भएकोमा ५ मिलापत्रबाट फछ्र्यौट भएको १ माथिल्लो निकायमा गएको र २ फछ्र्यौट हुन बाँकी रहेको देखिन्छ।

३६. **नागरिक बडापत्रः** नगरपालिकाले सेवाग्राहीहरुको सुविधाको लागि नागरिक बडापत्र राखेको भए तापनि पुरानो संरचना अनुसारको देखिएकोले नयाँ संरचनाअनुसार सुधार गर्नु पर्दछ।

३७. **बेरुजू -** पालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने बेरुजू रु.५५ हजार, अनियमित बेरुजू रु.१०लाख ७ हजार, प्रमाण कागजात पेश नभएको बेरुजू रु.२ लाख ३१ हजार र पेश्की बाँकी देखिएको रु.५१ लाख ७० हजार समेत रु.६४ लाख ६३हजार बेरुजू कायम भएकोमा प्रतिक्रियाबाट/समायोजन भई रु.१ लाख ५६ हजार फछ्र्यौट भई रु.६३लाख ७हजार बेरुजू कायम भएको छ।

३८. **वित्तीय जवाफदेहिताः** कार्यालयको व्यवस्थापकीय पक्ष, वित्तीय व्यवस्थापन पक्ष, सेवा प्रवाह, खरिद व्यवस्थापन र विकास निर्माणको समग्र मूल्यांकन गर्दा कार्यालयको वित्तीय जवाफदेहिताको स्तर 'बि' रहेको छ। वित्तीय जवाफदेहिताको स्तरमा सुधार हुनुपर्दछ।

३९. **अनुगमन तथा मूल्याङ्कन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेकोमा बेरुजूको लगत राखेको छैन। बेरुजूको लगत अद्यावधिक गरी उल्लेखित ऐन बमोजिम फछ्र्यौट गर्न

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणवाट देखिएको व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>बाँकी बेरुजु असुल फछ्र्यौट गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४०.</td><td>अनुगमन तथा मूल्याङ्कन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छ ।
<table>
<tr><td>गत वर्षको बेरुजु रकम (रु.) (A)</td><td>यो वर्ष फछ्र्यौट (B)</td><td>बाँकी (C= A-B)</td></tr>
<tr><td>१४४०८०००.००</td><td>०</td><td>१४४०८०००.००</td></tr>
</table></td><td></td></tr>
<tr><td>४१.</td><td>अद्यावधिक बेरुजु स्थिति : नगरपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ :
<table>
<tr><td>गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) (C)</td><td>यो वर्षको सं प.बाट कायम बेरुजु रु. (D)</td><td>यो वर्षको कायम बेरुजु रु. (E)</td><td>बाँकी (F= C+D+E)</td></tr>
<tr><td>१४४०८०००.००</td><td>०</td><td>६३०६६४९.००</td><td>२०७१४६४९.००</td></tr>
</table></td><td></td></tr>
</table>